# स्वामीकार्तिक खापर गाउँपालिकाको आर्थिक ऐन, २०७५

स्वामीकार्तिक खापर गाउँपालिका

वाई, बाजुरा

७ नं प्रदेश

२०७५

# स्वामीकार्तिक खापर गाउँपालिकाको आर्थिक ऐन, २०७५

**प्रस्तावना :**

स्वामीकार्तिक खापर गाउँपालिका आर्थिक वर्ष २०७५।०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा(२) बमोजिम स्वामीकार्तिक खापर गाउँकार्यपालिकाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस विधेयकको नाम "आर्थिक ऐन २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गते देखि स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. सम्पत्ति कर :**

गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर, घर जग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

**३. भुमि कर (मालपोत ) :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घर बहाल कर** :

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाउने र असूल गरिनेछ ।

**५. व्यावसाय कर :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यावसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यावसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी जीवजन्तु :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधनः**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुलउपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. विज्ञापन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**९. मनोरन्जन कर :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यावसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर मानिनेछ। तर प्रदेश कानुन भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ

**१०. बहाल बिटौरी :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल गरिनेछ।

**११. पार्किङ शुल्क :**

स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर मानिनेछ।

**१२. ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्यालर र ऱ्याफ्टीङ्ग शुल्क :**

स्वामीकार्तिक खापर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्यालर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवासय संचालन गरेवापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१३. सेवा शुल्क दस्तु :**

स्वामीकार्तिक खापर गाउँपालिकाले निर्माण, संचालन वा वयवस्थापन गरेका अनुसूची १२ मा उल्लिखित स्थानयि पूर्वाधार र उपलव्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।